# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ २

## प्रभु येशूप्रति हाम्रो कर्तव्य के हो?

### क – हाम्रो कर्तव्यः पापदेखि पश्चात्ताप गर्नु हो।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''अज्ञानताका समय परमेश्वरले ख्याल राख्नुभएन; तर अब सबै ठाउँहरूमा उहाँले सबै मानिसहरूलाई पश्चात्ताप गर्नू भन्ने आज्ञा गर्नुहुन्छ।'' प्रेरित १७:३०**

धेरै समयसम्म मानिसहरू परमेश्वरको इच्छाको सम्बन्धमा अनजान रहे। तर अब यस्तो गर्ने समय छैन; किनभने परमेश्वरले ख्रीष्ट येशूको सुसमाचारको प्रचारद्वारा संसारका सबै मानिसहरूलाई पापदेखि सत्य परमेश्वरतिर मन फिराउनुपर्छ भन्ने आज्ञा दिनुहुन्छ। आफूले गरेका पापहरूको बारेमा मनमा पछुतो मान्नु वा भूलचूक गरेकोमा अफसोस मान्नुको मतलब पश्चात्ताप गर्नु हो। किनभने शरीरमा कष्ट नभएम्म हामी डाक्टरकहाँ जाँदैनौं भने मनमा कष्ट नपरे प्रभु येशूकहाँ पनि जाँदैनौं। यसकारण परमेश्वरले आफ्नो पवित्र वचनद्वारा हामीमा यो ज्ञान जगाउन र होश खोलाउन चाहनुहुन्छ। यसकारण उहाँको वचनमा हामीले बढ़ी ध्यान लगाउनु परेको छ, नत्र ता यस मुक्ति दिने वचनबाट हामीलाई केही लाभ हुँदैन। परमेश्वरले एक दिन तोक्नुभएको छ, जब उहाँले प्रभु येशूद्वारा सबै मानिसहरूको न्याय गर्नुहुनेछ; किनकि सबैका प्रभु उहाँ नै हुनुहुन्छ। त्यस दिनमा आफूले गरेका पापबारे अफसोस मान्ने मौका पाइँदैन, पश्चात्ताप गर्ने समय अहिले नै हो। यो कुरा प्रभु येशू आफूले स्पष्ट गर्नुभएको छ, किनभने उहाँले भन्नुभयो –

**''समय पूरा भएको छ, अनि परमेश्वरको राज्य नजिकै आएको छ; पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर।'' मर्कूस १:१५**

हो, हाम्रा पापदेखि परमेश्वरतिर फर्कने समय ज्यादा छैन। धेरै समय बितिसक्यो; अब चाँड़ै प्रभु येशू यस संसारमा आउनुहुनेछ र आफ्नो राज्य स्थापित गर्नुहुनेछ। तब उहाँले जिउँदा र मरेका सबैका न्याय गर्नुहुनेछ र आफ्नो राज्यबाट सबै अधर्म गर्नेहरूलाई हटाउनुहुनेछ। त्यस दिनका निम्ति जो तयार हुन चाहन्छ, उसले दुईटा काम गर्नैपर्छ – उसले आफ्ना पापदेखि पश्चात्ताप गर्नुपर्छ, साथै सुसमाचारको वचनअनुसार प्रभु येशूमाथि विश्वास गर्नुपर्छ। धेरै मानिसहरूले यस कुरामा ध्यान दिँदैनन्, र आफ्नो स्वार्थ पूरा गर्नलाई ख्रीष्टियन हुन चाहन्छन्। तर तिनीहरू धोकामा पर्नेछन्। 'प्रभु, प्रभु' भन्नेहरू सबै परमेश्वरको राज्यभित्र पस्दैनन्। तिनीहरू मात्र पस्नेछन्, जसले परमेश्वरको इच्छा पूरा गरेका छन्।

यसकारण परमेश्वरको वक्ता पावलले झैं हामीले प्रेमसाथ तपाईंलाई चेताउनी दिँदै परमेश्वरको सत्य वचन पालन गर्ने आग्रह गर्दछौं।

> **_प्रेरित पावलले भने_ – ''मैले यहूदी र अन्यजातिहरूलाई परमेश्वरतिर मन फिराउनुपर्छ र हाम्रो प्रभु येशूमाथि विश्वास गर्नुपर्छ भन्ने गवाही दिनमा प्रयास गरें।'' प्रेरित २०:२१**

## अ – पाप के हो, सो जान्नुपर्छ।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

> **''धर्मनियमका कामहरू गरेर परमेश्वरको दृष्टिमा कुनै पनि मानिस धर्मी ठहरिनेछैन; किनकि धर्मनियमद्वारा पापको ज्ञान हुन्छ।'' रोमी ३:२०**

पापदेखि फर्कनुभन्दा पहिले पाप के हो, सो कुरा हामीले जान्नुपर्छ। 'यो पाप हो, त्यो पाप लाग्छ' भनी मानिसहरूले भन्छन्, तर वास्तव हामीले परमेश्वरको वचनबाट पापको ज्ञान पाउनुपर्छ। किनभने पाप भनेको परमेश्वरका धार्मिक नियम अर्थात् उहाँका आज्ञा भङ्ग गर्नु हो। उहाँले यसो भन्दै इस्राएलका मानिसहरूलाई आफ्नो नियम प्रकट गर्नुभयो। यी वचनहरू तपाईंले ध्यानपूर्वक पढ्नुहोला।

**''_यी सबै कुरा परमेश्वरले भन्नुभयो:_ 'म तिम्रो परमेश्वर हुँ, जसले तिमीलाई दासत्वको घरबाट निकालेर ल्याएँ। मेरो सामु तिमीले अरू कुनै देवीदेवता नमान्नू।**

**तिमीले आफ्नो निम्ति कुनै किसिमको मूर्ति खोपेर नबनाउनू। माथि आकाशमा, तल पृथ्वी वा पृथ्वीमनि पानीमा भएको कुनै थोकको आकारमा मूर्ति नबनाउनू। तिमी मूर्तिहरूको सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू; किनकि म परमप्रभु तिम्रो परमेश्वर डाहा गर्ने परमेश्वर हुँ; पितापुर्खाले गरेको अधर्मको प्रतिफल म मलाई हेला गर्नेहरूको तेस्रो र चैथो पुस्तासम्म तिनीहरूका सन्तानलाई दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञा पालन गर्नेहरूका हजारौं पुस्तासम्म म कृपा देखाउनेछु।**

**तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनू, किनभने उहाँको नाम व्यर्थैमा लिनेलाई परमप्रभुले निर्दोष ठहराउनुहुनेछैन।**

**विश्रामदिन पवित्र मान्नुपर्छ भनी याद राख। ६ दिन तिमीले परिश्रम गरेर आफ्नो सबै काम गर। तर सातौं दिनचाहिँ तिम्रो परमप्रभु परमेश्वरको निम्ति विश्रमदिन हो। त्यसमा तिमीले केही काम नगर; तिमीले, तिम्रो छोराले, तिम्री छोरीले, तिम्रो कमाराले, तिम्री कमारीले, तिम्रा गाईवस्तुले र तिम्रो मूलढोकाहरूभित्र बस्ने परदेशीले कुनै काम नगर्नू। किनकि ६ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनीहरूमा भएका सबै थोक बनाउनुभयो र सातौं दिनमा विश्राम गर्नुभयो। यसकारण परमप्रभुले सातौं दिनलाई आशिष दिनुभयो र त्यसलाई पवित्र पार्नुभयो।**

**आफ्ना बुवा र आफ्नी आमालाई आदर गर; र जुन देश परमप्रभु परमेश्वरले तिमीलाई दिनुहुन्छ, त्यसमा तिम्रो आयु लामो होस्।**

**हत्या नगर। व्यभिचार नगर। चोरी नगर। आफ्नो छिमेकीको विरोधमा झूटो गवाही नदेऊ।**

**आफ्नो छिमेकीको घरको लालच नगर; आफ्नो छिमेकीको स्वास्नी, उसको कमारा, उसकी कमारी, उसको गोरु, उसको गधा वा तिम्रो छिमेकीको कुनै पनि थोकको लालच नगर।'''**

**प्रस्थान २०:१-१७**

यस खण्डमा दस आज्ञाहरू छन्। यीमध्ये चारओटा आज्ञा परमेश्वरप्रति र छओटा आज्ञा मानिसप्रतिको सम्बन्धमा छन्। एकमात्र सत्य परमेश्वर हुनुहुन्छ, जसले हामी मानिसलाई र सारा सृष्टिका थोकहरू सृजनुभयो। उहाँ हामीलाई पापको बन्धनबाट छुटकारा दिने पनि हुनुहुन्छ। साँचो सृष्टिकर्ता परमेश्वरको सट्टामा अर्को कुनै देवीदेवता मान्नेले परमेश्वरलाई हेला गर्छ र उहाँलाई रिस र डाहा उठाउँछ। यसकारण मूर्ति बनाउने र मूर्ति पुज्ने दुवैले परमेश्वरबाट दण्ड पाउनेछन्। परमेश्वरलाई प्रेम गर्नेले उहाँका आज्ञाहरू पालन गर्छ र परमेश्वरको निगाह पाउँछ। बुवाआमालाई आदर गर्नू, हत्या नगर्नू, व्यभिचार नगर्नू, चोरी नगर्नू, झूटो नबोल्नू, अर्काको चीजको लालच नगर्नू जस्ता आज्ञाहरू हामीले सायद जानेका छौं, तर पालन गर्ने को छ र? ऐनामा जस्तो हामीले आफ्नो जीवन नियालेर जाँच्ने मौका पाएका छौं। कुनै दाग देखेर के हामीले ऐनामा दोष पाएर त्यसलाई फुटाऔं? होइन, हामीले बरु आफ्नो पाप स्वीकार गरौं र परमेश्वरबाट कृपादृष्टि पाऔं।

मान्छेले जब चोर्छ, तब त्यसलाई हामी चोर भन्छौं। जसले पाप गर्छ, त्यसलाई हामी पापी भन्छौं। कर्मबाट हामी मानिसलाई चिन्छौं। तर परमेश्वरले हाम्रो हृदयभित्रका कुराहरूको तलाश गर्नुहुन्छ। जुन कुरा हामीले अरूबाट लुकाउन सक्छौं, त्यही कुरा उहाँको नजरमा एकदम खुला हुन्छ। उहाँले हामी हरेकलाई राम्ररी चिन्नुहुन्छ; यसैले प्रभु येशूले हाम्रो हृदयको अवस्था जानेर भन्नुभयो –

> **''मानिसबाट जे बाहिर निस्कन्छ, त्यसैले मानिसलाई अशुद्ध पार्छ। किनभने भित्रबाट नै अर्थात् मानिसको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन्। यी सबै खराब कुराहरू भित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध पार्छन्।'' मर्कूस ७:२१-२३**

के तपाईंले देख्नुभयो? खराब विचार पनि पाप हो। यसकारण हामीले यस पदबाट हाम्रो आफ्नो भित्री अवस्थाको विषयमा यो कुरा बुझ्नुपर्छ कि हाम्रो हृदय पापको केन्द्र, मैलाको मुहान हो, र त्यहाँबाट पाप शुरु हुन्छ। हातले मात्र पाप गर्दैन रहेछ, तर मनले पो गर्दो रहेछ। मनभित्रको पाप कर्मले मात्र देखा पर्छ।

> **''अब शरीरका कामहरू प्रकट छन्, जो यी हुन् - परस्त्रीगमन, व्यभिचार, अशुद्धता, कामुकता, मूर्तितूजा, टुनामुना, शत्रुता, झगड़ा, डाहा, क्रोध, विरोध. फूट, दलबन्दी, द्वेष, हत्या, मतवालापन, मोजमज्जा र यस्ता कुराहरू, जसको विषयमा म तिमीहरूलाई पहिले भन्दछु, र अघि नै भनिसकेको छु - यस्तो काम गर्नेहरू परमेश्वरका राज्यका हकवाला हुनेछैनन्।।'' गलाती ५:१९-२१**

> **''सबै प्रकारको अधर्म, व्यभिचार, दुष्टता, लोभ, शत्रुभावले भरिएका मानिसहरू; डाहा, हत्या, झगड़ा, छल, दुष्ट विचारले भरपुर; कान फुक्ने, निन्दा गर्ने, परमेश्वरलाई घृणा गर्ने, अनादर गर्ने, घमण्डी, सेखीबाज, खराब कुरा जन्माउने, बुवाआमाको आज्ञा पालन नगर्ने, समझ नभएका, करार भङ्ग गर्ने, सवाभाविक प्रेम नभएका, मेल गर्न नचाहने, दया नभएकाहरू - यस्ता काम गर्नेहरू मृत्युदण्डको योग्य हुन्छन् - परमेश्वरको न्याय जानेर पनि तिनीहरूले ती काम मात्र गर्दैनन्, तर यस्ता काम गर्नेहरूसँग खुशी नै हुन्छन्।'' रोमी १:२९-३२**

अब हामी यस कुराको निचोरमा आइपुग्यौं। धर्मी कोही छैन, एउटै पनि छैन। सबै मानिसहरू पापी छन्। चाहे कर्मले चाहे मनले हामीले परमेश्वरका आज्ञाहरू घरीघरी उल्लङ्घन गरेका छौं। तब हामीले के गर्नुपर्छ त? परमेश्वरको सामु हामी चुप लाग्नु र अफसोस मानेर आफ्नो दोष मानिलिनु खाँचो छ।

**''*यो लेखिएको छ* – 'धर्मी कोही छैन, एउटै पनि छैन; बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। तिनीहरू सबै बाटोदेखि भड्किएका छन्; तिनीहरू एकसाथ बेकम्मा भएका छन्; असल गर्ने कोही छैन, एउटै पनि छैन। तिनीहरूको घोक्रो खुला चिहान हो; तिनीहरूले आफ्ना जिह्वाले छल गरेका छन्। तिनीहरूका ओठमनि काला साँपहरूको विष छ। तिनीहरूको मुख श्राप र तीता कुराले भरिएको छ। रगत बहाउनमा तिनीहरूका खुट्टा फुर्तिला छन्। तिनीहरूको बाटोमा विनाश र विपत्ति छन्। अनि तिनीहरूले शान्तिको बाटो जानेका छैनन्। तिनहरूको आँखाको सामु परमेश्वरको डरै छैन।' हामी जान्दछौं, धर्मनियमले जे पनि भन्दछ, त्यसले नियमको अधीनतामा बसेकाहरूलाई भन्दछ कि हरेक मुख चुप रहोस् र सारा संसार परमेश्वरको सामु दोषी ठहरिओस्। यसैले धर्मनियमका कामहरू गरेर कुनै पनि मानिस परमेश्वरको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि धर्मनियमद्वारा पापको ज्ञान हुन्छ।''** **रोमी ३:१०–२०**

## आ – पापको सम्बन्धमा हाम्रो होश खोल्नुपर्छ।

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

**''चूर्ण आत्मा नै परमेश्वरको निम्ति बलिदान हो; हे परमेश्वर, चूर्ण र पूरा पश्चात्तापी हृदय तपाईंले तुच्छ ठान्नुहुनेछैन।''** **भजनसँग्रह ५१:१७**

परमेश्वरका नियमभित्र हेर्दा हामीले पापको ज्ञान मात्र नपाएर परमेश्वरको दृष्टिमा आफ्नो पापी अवस्था पनि जान्न पायौं। यस कुराले हामीलाई मनमा चूर्ण बनाउँछ, दु:खित पार्छ, पश्चात्तापी तुल्याउँछ भने परमेश्वरको उद्देश्य पूरा भयो। किनभने हाम्रा पाप कति धेरै छन् र परमेश्वरको सामु कति घृणित छन् – यस सम्बन्धमा हाम्रो होश खोल्नुपर्छ। तब मात्र परमेश्वरले हाम्रा पाप क्षमा गरेर हामीलाई भित्रदेखि निको पार्न सक्नुहुन्छ। हामीले सधैं अफसोस मान्नुपर्दैन। यो केही समयको लागि मात्र हो। हामी परमेश्वरको सामु जाऔं र आफ्ना पाप स्वीकार गरौं।

**''आओ, हामी परमप्रभुकहाँ फर्कौं। किनभने उहाँले हामीलाई घायल पार्नुभएको छ; उहाँले नै हामीलाई निको पार्नुहुनेछ। उहाँले चोट पार्नुभएको छ; र उहाँले नै हामीलाई मलमपट्टी बाँध्नुहुनेछ। दुई दिनपछि उहाँले हामीलाई फेरि जीवित पार्नुहुनेछ। तेस्रो दिनमा उहाँले हामीलाई उठाउनुहुनेछ र हामी उहाँको सामु जीवित रहनेछौं। तब हामी बुझ्नेछौं, यदि हामी परमप्रभुलाई चिन्नमा अघि बढ्छौं भने।''** **होशे ५:१–३**

**''अनादिदेखि अनन्तकालसम्म विराजमान हुनुहुने, जो उच्च र महान् हुनुहुन्छ, जसको नाम पवित्र छ, उहाँले यसो भन्नुहुन्छ –'म उच्च र पवित्र स्थानमा बस्दछु; अनि नम्रहरूको मन र चूर्ण हृदय भएकाहरूलाई जियाउनलाई म नम्र र चूर्ण हृदय भएको व्यक्तिसँग पनि बस्दछु।''' यशैया ५७:१५**

नम्रतासाथ परमेश्वरको सामु आई हामीले आफ्ना पाप र अधर्म मानिलिनुपर्छ। यो हाम्रो काम हो। उहाँले हाम्रा सबै अधर्महरू क्षमा गर्नुहुन्छ। यो परमेश्वरको सत्य प्रतिज्ञा हो।

**''मेरो अधर्मबाट पूरा तवरले मलाई धुनुहोस् र मेरो पापबाट मलाई शुद्ध गर्नुहोस्। किनकि मेरा अपराधहरू म स्वीकार गर्छु। मेरो पाप सधैं मेरो सामु छ। तपाईंको विरोधमा, केवल तपाईंकै विरोधमा मैले पाप गरेको छु र तपाईंको दृष्टिमा जे खराब छ, त्यही गरेको छु।''** **भजनसँग्रह ५१:२–४**

**''मैले आफ्नो पाप तपाईंको सामु मानिलिएँ र आफ्नो अधर्म लुकाइनँ। मैले भनें – 'म परमप्रभुको सामु आफ्नो अपराध स्वीकार गर्नेछु।' अनि तपाईंले मेरो पापको अधर्म क्षमा गर्नुभयो।''**

**भजनसँग्रह ३२:५**

## इ – पापदेखि हामी परमेश्वरतिर फर्कनुपर्छ।

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

**''यसकारण तपाईंहरूका पाप मेटिनका लागि पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्; तब प्रभुको उपस्थितिबाट शीतल पार्ने समयहरू आउनेछन्।''** **प्रेरित ३:१९**

पश्चात्तापी मानिसको लागि खुशीको कुरा यही हो – परमेश्वरकहाँ फर्किने व्यक्तिलाई पापको क्षमा छ। प्रभुबाट उसले निगाह पाउँछ। उसको भारी मन हल्का हुन जान्छ। अब उसले प्रभु येशूलाई विश्वास गरेर पापी जीवन छोड्छ र सत्य परमेश्वरको सेवा गर्न पाउँछ। उसले शोक गरेको कारणले उसलाई कुनै हानि भएको छैन। किनभने यो साँचो पश्चात्तापको फल मुक्ति अर्थात् पापको क्षमा पाउनु हो।

**''तिमीहरू जीवित र सत्य परमेश्वरको सेवा गर्न र स्वर्गबाट आउनुहुने उहाँको पुत्र प्रभु येशूको बाटो हेर्नलाई कसरी मूर्तिहरूबाट परमेश्वरतिर फर्क्यौ, सो कुरा तिनीहरूले बताउँछन्।''**

**१ थेस्सलोनिकी ९:९**

**''तिमीहरू परमेश्वरको रीतिअनुसार शोकित भयौ, यसकारण हामीबाट तिमीहरूलाई कुनै हानि भएन। किनकि ईश्वरीय रीतिअनुसारको शोकले मुक्ति पाउनलाई पछुतो गर्नु नपर्ने किसिमको पश्चात्ताप उत्पन्न गराउँछ; तर सांसारिक शोकले मृत्यु उत्पन्न गराउँछ।''** **२ कोरिन्थी ७:९-१०**

## ई – हामीले पश्चात्ताप लायकको फल फलाउनुपर्छ।

**(तल दिइएको मुख्य पदहरू कण्ठस्थ गर्नुहोस्।)**

**''पश्चात्ताप गर, र परमेश्वरकहाँ फर्क, अनि पश्चात्ताप लायकका कामहरू गर।''** **प्रेरित २६:२०**

**''आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो; यसकारण पश्चात्ताप लायकका फल फलाओ।''** **लूका ३:७-८**

**''जसले आफ्ना पाप लुकाउँछ, त्यसको उन्नति हुनेछैन; तर जसले ती पापहरू मानिलिन्छ र छोड्छ, उसले कृपादृष्टि पाउनेछ।''** **हितोपदेश २८:१३**

नुहाएको सुँगुर फेरि आहाल खेल्न जान्छ। कुकुरले आफ्नो छाद फेरि खान्छ। पापी फेरि पापको हिलोमा डुबेर नाश हुन्छ। तर साँचो पश्चात्ताप गरेको मानिसले आफ्नो जीवनबाट आफ्नो सुधार देखाउँछ। परमेश्वरको क्रोधबाट उम्कनु र उहाँको अपार कृपा पाउनु ठट्टाको कुरा होइन। पाप स्वीकार गरेर पाप गर्ने बानी हामीले छोड्नुपर्छ। यसरी मात्र हाम्रो पश्चात्तापको काम पूरा हुन्छ। एकमात्र सत्य परमेश्वरले पापदेखि उहाँतिर सम्पूर्ण रूपले पश्चात्ताप गर्नका निम्ति तपाईंलाई सहायता दिऊन्। तपाईंको जीवनमाथि सधैं उहाँको निगाह रहोस्।

## ख – हाम्रो कर्तव्यः प्रभु येशूमाथि विश्वास गर्नु हो।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**'''हजुरहरूहो, मुक्ति पाउनलाई मैले के गर्नुपर्छ?' उनीहरूले भने – 'प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस् र तपाईंले मुक्ति पाउनुहुनेछ, तपाईंले र तपाईंको परिवारले।'' प्रेरित १६:३०-३१**

मुक्ति पाउन हामीले के गर्नुपर्छ? पश्चात्तापको साथसाथै हामीले हृदयदेखि प्रभु येशूमाथि विश्वास गर्नुपर्छ। यी दुईटा कामद्वारा परमेश्वरप्रति हाम्रो कर्तव्य पूरा हुन्छ। यसरी नै हामीले पापबाट मुक्ति पाउँछौं। यसकारण पवित्रशास्त्र बाइबलअनुसार यो विश्वास कस्तो किसिमको विश्वास हुनुपर्छ, र साँचो विश्वासको फल के हुन्छ, सो हामी अब हेर्नेछौं।

**''सारा संसारमा जाओ र हरेक मानिसलाई सुसमाचार प्रचार गर। जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, उसले मुक्ति पाउनेछ; जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिनेछ।'' मर्कूस १६:१५-१६**

प्रभु येशूको सुसमाचार हरेक मानिसलाई प्रचार गर भन्ने आदेश प्रभु येशूका चेलाहरूले आफ्ना प्रभुबाट पाएका थिए। यसैकारण तपाईंलाई पनि यही वचन सुनाइएको छ। किनभने परमेश्वरले तपाईंलाई मुक्ति दिन चाहनुहुन्छ। विश्वास गर्नेले मुक्ति पाउँछ, विश्वास नगर्ने दोषी ठहरिन्छ भने हामीले आफ्नो कर्तव्य राम्ररी बुझ्न खाँचो छ। यसकारण मुक्ति दिने परमेश्वरको वचनमा पूरा ध्यान लगाऔं, किनकि यही सुसमाचारको वचनमा तपाईंलाई मुक्ति दिने परमेश्वरको शक्ति छ।

**''म ख्रीष्टको सुसमाचारसँग लजाउँदिनँ, किनकि विश्वास गर्ने हरेकको निम्ति मुक्ति पाउनलाई यो परमेश्वरको शक्ति हो।'' रोमी १:१६**

### अ – परमेश्वरले हामीलाई मुक्ति पाउने निम्तो दिनुहुन्छ

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

***प्रभु येशूले भन्नुभयो*** **– ''हे सबै परिश्रम गर्ने र पापको बोझले दबिएकाहरूहो, मकहाँ आओ, र म तिमीहरूलाई विश्राम दिनेछु।'' मत्ती ११:२८**

हामीलाई प्रेम गर्ने परमेश्वरको इच्छा यही हो – कोही पनि नाश नहोस्, तर सबैले अनन्त जीवन पाऊन्। यसैले उहाँले हरेक मानिसलाई 'प्रभु येशूकहाँ आऊ' भन्ने निम्तो दिनुहुन्छ। याद राख्नुहोस्, परमेश्वरको निम्तो धर्मी मानिसहरूको निम्त होइन, तर पापीहरूको निम्ति हो। प्रभु येशू पापीहरूलाई खोज्न र बचाउन आउनुभएको हो। यसकारण तपाईंका पाप कति धेरै किन नहोऊन्, यी पाप बिसाउने ठाउँ र मनले विश्राम पाउने आश्रय प्रभु येशू हुनुहुन्छ। विश्वाससाथ जिउँदो प्रभु येशूलाई पुकार्नुहोस् र उहाँको सामु आफ्नो पाप स्वीकार गर्नुहोस्; तब हामीले जस्तो तपाईंले पनि पापको बोझबाट छुटकारा पाई मनमा शान्ति पाउनुहुनेछ।

***परमप्रभु भन्नुहुन्छ*** **–''आओ, हामी बसेर छलफल गरौं। तिमीहरूका पाप सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्। गाढ़ा राता भए तापनि ती ऊनजस्तै हुनेछन्।'' यशैया १:१८**

## आ – मुक्ति एक अमूल्य दान हो

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

*येशूले उसलाई भन्नुभयो* – **''यदि तिमीले परमेश्‍वरको दानलाई जानेको भए र तिमीसँग बोल्ने को हो, चिनेको भए तिमीले उनीसित माग्नेथियौ, र उनले तिमीलाई जिउँदो पानी दिनेथिए।''**

**यूहन्ना ४:१०**

**''विश्‍वासद्वारा निगाह पाएर तिमीहरूले मुक्ति पाएका छौ; र यो तिमीहरू आफैबाटको होइन, यो परमेश्‍वरको दान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमण्ड गर्नेछ।''** **एफेसी २:८-९**

मुक्ति एक दान हो। यस दानलाई धर्मकर्म गरेर कमाउन सकिँदैन; यो मुक्तिको दान प्रभु येशूबाट विश्‍वाससाथ माग्नुपर्छ। किनभने यो दान प्रभु येशूसँग छ। पापी मानिसलाई मुक्ति पाउन हक लाग्दैन, तर परमेश्‍वरको अपार प्रेम र निगाहले गर्दा उहाँले प्रभु येशूमाथि विश्‍वास गर्ने हरेकलाई यो दान सित्तैंमा दिनुहुन्छ। यसकारण उहाँको निम्तो फेरि एकचोटि सुन्नुहोला। के मुक्ति पाउन, अनन्त जीवन पाउन तपाईं तिर्खाउनुभएको छ? प्रभु येशूकहाँ आउनुहोस् र नम्रतासाथ सित्तैंमा मुक्ति लिनुहोस्।

**''जो तिर्खाउँछ, उसलाई म जीवनको पानीको धाराबाट सित्तैंमा दिनेछु। अनि जो तिर्खाउँछ, ऊ आओस्; अनि जसले चाहन्छ, उसले जीवनको पानी सित्तैंमा लिओस्।''**

**प्रकाश २१:६ र २२:१७**

## इ – मुक्ति ग्रहण गर्नुपर्छ।

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''जतिले प्रभु येशूलाई ग्रहण गरे, उहाँले तिनीहरूलाई परमेश्‍वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले प्रभु येशूको नाममाथि विश्‍वास गर्छन्।''** **यूहन्ना १:१२**

प्रभु येशूले क्रूसमा आफ्नो प्राण दिनुभयो। यसरी उहाँ हाम्रो निम्ति मुक्तिदाता हुनुभयो। मरेको तेस्रो दिनमा परमेश्‍वर पिताले उहाँलाई मरेकाहरूबाट जियाएर उठाउनुभयो र सारा संसारलाई मुक्ति दिने उहाँ नै हुनुहुँदो रहेछ भन्ने प्रमाण दिनुभयो। अहिले जीवित प्रभु येशू परमेश्‍वरको दाहिने हातमा विराजमान् हुनुहुन्छ। उहाँ सबैका प्रभु हुनुहुन्छ। मुक्ति प्रभु येशूमा छ। मुक्ति एक दान हो। मुक्ति हामीले ग्रहण गर्नुपर्छ। हृदयदेखि प्रभु येशूमाथि विश्‍वास गर्नेले प्रभुको नाम पुकार गर्छ र उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छ। जतिले यस्तो गर्छन्, उनीहरू सबैका निम्ति परमेश्‍वरको वचनको दृढ़ प्रतिज्ञा यो हो – प्रभु येशूको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ। तपाईं पनि यसरी नै प्रभु येशूलाई ग्रहण गरी सित्तैंमा मुक्ति पाउनुहोस्।

**''यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ र परमेश्‍वरले उहाँलाई मरेकाहरूबाट बौराउनुभयो भनी आफ्नो हृदयमा विश्‍वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ। किनभने धर्मी ठहरिनलाई हृदयले विश्‍वास गरिन्छ र मुक्ति पाउनलाई मुखले स्वीकार गरिन्छ। किनकि पवित्रशास्त्रले भन्दछ – 'प्रभु येशूमाथि विश्‍वास गर्ने हरेक शर्ममा पर्नेछैन।' उहाँ सबैका प्रभु हुनुहुन्छ र उहाँलाई पुकार्नेहरूप्रति धनवान् हुनुहुन्छ। यसकारण प्रभुको नाम पुकार गर्ने हरेकले मुक्ति पाउनेछ।''** **रोमी १०:९-१३**

## ग – परमेश्वरको दान अर्थात् विश्वासको फल के हुन्छ?

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

**''यसकारण कोही ख्रीष्टमा छ भने उ एउटा नयाँ सृष्टि हो; पुराना कुराहरू बितिसके; हेर, सबै कुराहरू नयाँ भएका छन्।''** **२ कोरिन्थी ५:१७**

जब हामीले आफ्नो कर्तव्य पूरा गर्छौं, तब परमेश्वरले हामीमा आफ्नो प्रतिज्ञा पनि पूरा गर्नुहुनेछ। हाम्रो कर्तव्य पापदेखि पश्चात्ताप गर्नु र सम्पूर्ण हृदयले प्रभु येशूमाथि विश्वास गर्नु हो। परमेश्वरको प्रतिज्ञा मुक्ति दिनु हो। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ; उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ। जब प्रभु येशूमाथि हामीले विश्वास राख्छौं, तब परमेश्वरसित हाम्रो सम्बन्ध पूरा तवरले बदली हुनेछ। परमेश्वरले हामीलाई पुरानो दृष्टिले पापीजस्तै होइन, तर एउटा नयाँ सृष्टि अर्थात् आफ्नो सन्तानको रूपमा हामीलाई हेर्नुहुन्छ। प्रभु येशूमा उहाँले हामीलाई ठूला र अमूल्य आशिषहरू दिनुहुन्छ। जति हामी प्रभु येशूको चिन्ने ज्ञानमा र विश्वासमा बढ्छौं, त्यति नै हामीले मुक्ति पाउँदा परमेश्वरबाट कस्तो अपार दान प्राप्त गर्‍यौं, सो बुझ्नेछौं। ती आशिषहरूमध्ये केही जान्नका निम्ति हामीले कुनै तपाईंको लागि तल उल्लेख गरेका छौं।

### अ – हाम्रा सबै पापहरू क्षमा भए

**''प्रभु येशूमा हामीले उहाँको रगतद्वारा मुक्ति अर्थात् पापको क्षमा पाएका छौं।''** **कलस्सी १:१४**

**''तिनीहरूका अधर्महरूप्रति म कृपालु हुनेछु, अनि तिनीहरूका पाप र अपराधहरू म कहिल्यै सम्झनेछैनँ।''** **हिब्रू ८:१२**

**''तपाईंले तिनीहरूका सबै पाप समुद्रको गहिराइमा फालिदिनुहुन्छ।''** **मीका ७:१९**

जब हामीले मुक्ति पाउँछौं, तब परमेश्वरले हाम्रा सारा पाप मेटाइदिनुहुन्छ। उहाँले एउटै पनि बाँकी राख्नुहुन्न। प्रभु येशूको रगत ती पापहरूको निम्ति प्रायश्चित्त भयो। यसैले अब हामीले पापको दण्ड भोग्नुपर्दैन। किनभने परमेश्वरले हाम्रा पापका सम्झना फेरि गर्नुहुनेछैन।

### आ – हामी धर्मी वा पवित्र भएका छौं।

**''अनि तिमीहरूमध्ये कतिजना यस्ता पापी थियौ; तर तिमीहरू धोइएको छौ, तर तिमीहरू पवित्र पारिएका छौ, तर तिमीहरू प्रभु येशूको नाममा र हाम्रा परमेश्वरका आत्माद्वारा धर्मी ठहरिएका छौ।''** **१ कोरिन्थी ६:११**

**''परमेश्वरको निगाहले गर्दा ख्रीष्ट येशूमा भएको मुक्ति पाएर तिनीहरू सित्तैंमा धर्मी ठहरिन्छन्।''** **रोमी ३:२४**

जब परमेश्वरले हाम्रा पाप क्षमा गर्नुहुन्छ, तब उहाँले हामीलाई अब उसो पापी भएर देख्नुहुन्न। तर प्रभु येशूमाथि राखिएको विश्वासद्वारा हामी धर्मी गनियौं। पवित्र परमेश्वरले हामीलाई ख्रीष्ट येशूमा लुकिएको वा एक भएर गाभिएको देख्नुहुन्छ। प्रभु येशूमा हामी परमेश्वरका निम्ति ग्रहणयोग्य, पवित्र र धर्मी भयौं।

## इ – परमेश्वरसँग हाम्रो मेलमिलाप भयो

**''यसकारण विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मेल–मिलाप भएको छ।'' रोमी ५:१**

प्रभु येशूविना हामी परमेश्वरका शत्रु, उहाँको क्रोधका पात्र थियौं। उहाँले हामीलाई पापी, विरोधीझैं हेर्नुहुन्थ्यो। तर अब ख्रीष्ट येशूमा हामीले परमेश्वरसँग मेलमिलाप राख्न पायौं। हामी सहाससित परमेश्वरकहाँ जान सक्छौं; किनभने प्रभु येशू हाम्रो मेलमिलाप गराउने हुनुहुन्छ। हामीलाई कुनै पूजाहारी वा अर्को मध्यस्थ चाहिँदैन। परमेश्वरलाई धन्यवाद होस्।

## ई – हामीले अनन्त जीवन पायौं

**''पापको ज्याला मृत्यु हो, तर परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो।'' रोमी ६:२३**

पापका निम्ति हामीले पाउनुपर्ने दण्ड मृत्यु हुनेथियो। पापको सजाय सधैं नरकमा पर्नु हो। तब परमेश्वरको निगाह कति ठूलो हुन्छ होला? किनभने प्रभु येशूमाथि विश्वास गरेकोले उहाँले हामीलाई पापको दण्ड दिनुको सट्टा आशिष पो दिनुहुन्छ; नाश गर्नुको सट्टा हामीलाई अनन्त जीवन पो दिनुहुन्छ।

## उ – हामीले परमेश्वरको सन्तान हुने हक पायौं

**''ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा तिमीहरू सबै परमेश्वरका सन्तान हौ।'' गलाती ३:२६**

प्रभु येशूद्वारा हामी आशिषमाथि आशिषको भागीदार भयौं। परमेश्वरले हामीलाई धर्मपुत्रको रूपमा ग्रहण गर्नुभयो र हामीलाई आफ्नो छोराछोरी बनाउनुभयो। हामी परमेश्वरका सन्तान हौं र परमेश्वरलाई 'बुवा' भन्न पाउँछौं। यस आशिषको पूरा भाग हामीले अहिले यस संसारमा पाएका छैनौं। तर एक दिन उहाँले हामीलाई स्वर्गको महिमाको भागीदार तुल्याउनुहुनेछ।

## ऊ – हामीले पवित्र आत्माको दान पायौं

**''प्रभु येशूमा तिमीहरूले सत्यको वचन अर्थात् तिमीहरूको मुक्तिको सुसमाचार सुनेपछि भरोसा गर्‍यौ; उहाँमा विश्वास गरेकोमा तिमीहरू प्रतिज्ञाको पवित्र आत्माले छाप मारियौ।''**

**एफेसी १:१३**

**''उहाँको आत्माले हाम्रो आत्मासँग 'तिमीहरू परमेश्वरका सन्तान हौ' भन्ने गवाही दिनुहुन्छ।''**

**रोमी ८:१३**

पवित्र आत्मा यस महिमाको भागको बैना हुनुहुन्छ। परमेश्वरले आफ्ना सबै सम्पत्तिमाथि छाप लगाउनुहुन्छ। यदि प्रभु येशूमाथि विश्वास राखेर तपाईंले मुक्ति पाउनुभएको छ भने परमेश्वरले तपाईंलाई ग्रहण गरेको पक्क चिन्हको रूपमा तपाईंको हृदयमा पनि त्यही पवित्र आत्माले छाप मार्नुहुन्छ। पवित्र आत्मा सधैं हामीभित्र रहनुहुन्छ र हामी परमेश्वरका सन्तान छौं भन्ने गवाही हामीलाई दिनुहुन्छ।

## ए – हामीले मुक्तिको निश्चयता पायौं

**''मैले तिमीहरूलाई अर्थात् परमेश्वरको पुत्र येशू ख्रीष्टको नाममाथि विश्वास गर्नेहरूलाई लेखेको छु – तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाह होस् र परमेश्वरको पुत्रको नाममा तिमीहरूले विश्वास गर्दै रहो।''** **१ यूहन्ना ५:१३**

हामीले मुक्ति पाएको कुरामा एकदम निश्चित छौं भन्ने इच्छा राखेर परमेश्वरले हामीलाई दुईटा प्रमाण दिनुभएको छ। पवित्र आत्माले हामीभित्र परमेश्वरको सन्तान भएको गवाही दिनुहुन्छ, साथै परमेश्वरको पवित्रशास्त्रले अनन्त जीवन पाएको कुरा पनि हामीलाई दृढ़सँग भन्दछ। यी दुई साक्षीले गर्दा प्रभु येशूमाथि राखिएको हाम्रो विश्वास अटल रहोस्। अनन्त जीवन पाउनका निम्ति हामीले खालि प्रभु येशूमा भरोसा राखौं, अरू कुनै कुरामा होइन; यसकारण यो हाम्रा निम्ति लेखिएको छ।

## ऐ – हामी परमेश्वरको राज्यको हकदार भयौं

**''तिनीहरूले पापको क्षमा पाऊन् र प्रभु येशूमाथि राखिएको विश्वासद्वारा पवित्र भएकाहरूको बीचमा हकको सम्पत्ति प्राप्त गरून्।''** **प्रेरित २६:१८**

**''प्रियहरूहो, हामी अहिले नै परमेश्वरका सन्तान छौं। अनि हामी के हुनेछौं, सो अहिलेसम्म प्रकट भएको छैन। तर हामी जान्दछौं, जब प्रभु येशू देखा पर्नुहुनेछ, तब हामी उहाँजस्तै हुनेछौं, किनकि हामी उहाँलाई, उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं। अनि प्रभु येशूमा आशा राख्ने हरेक मानिसले प्रभु जस्तो शुद्ध हुनुहुन्छ, त्यस्तै आफूलाई शुद्ध पार्छ।''** **१ यूहन्ना ३:२-३**

परमेश्वरका सन्तान हुने हक पाएर पनि हामीले यस संसारमा पूरा भाग पाएका छैनौं। हामीले आशामा विश्वास गरेका छौं। मुक्तिको पूरा फल अझ पाउन बाँकी नै छ। यसैले हामी धीरजसँग त्यसको बाटो हेर्दै रहौं। किनभने जबसम्म हामी प्रभुलाई महिमामा देख्दैनौं, तबसम्म हामी परमेश्वरको वचनमा भरोसा राखेर विश्वासमा अटल रहौं। किनकि अब थोरै समयमा प्रभु येशू हामीलाई लिन आउँदै हुनुहुन्छ र ढिलो गर्नुहुनेछैन। यसकारण पवित्रशास्त्र बाइबलको शिक्षामा ध्यान दियौं, जसले भन्दछ –

**''विश्वासमा लागिरहेर अनेकौं कष्ट सही हामी परमेश्वरको राज्यभित्र पस्नैपर्छ।''** **प्रेरित १४:२२**

**''किनकि थोरै समयमा प्रभु आउनुहुनेछ र ढिलो गर्नुहुनेछैन। अब धर्मीजन विश्वासद्वारा जिउनेछ; तर कोही पछि हट्छ भने परमेश्वर त्योसँग खुशी हुनुहुन्न।'' हिब्रू १०:३७-३८**

परमेश्वरले तपाईंलाई यी वचनद्वारा आशिष दिऊन्।

**प्रार्थना:** **हे पवित्र परमेश्वर, आज मैले तपाईंप्रति मेरो कर्तव्य के हो, सो जान्ने मौका पाएँ। पापले गर्दा मेरो हृदय कठोर भएको छ। पापदेखि साँचो गरी मन फर्काउन र प्रभु येशूमाथि विश्वास गर्न मलाई सिकाउनुहोस्। म तपाईंको महान् मुक्तिको पूरा अनुभाव पाउन सकूँ। साथै प्रभु, तपाईं नआउन्जेल विश्वासमा अटल रहेर तपाईंको बाटो हेर्न पाऊँ। धन्यवाद। आमेन।**

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगाना:** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ......................................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: ............................................ वार्ड नं॰: .....................

हुलाक/पो॰ आ॰ : ................................ जिल्ला: ....................................

अञ्चल/प्रदेश: ......................................... देश: ...............................

**रजिष्ट्र नं॰:** ......................

# पाठ २

## प्रभु येशूप्रति हाम्रो कर्तव्य के हो?

यस दोस्रो पाठमा हामीले परमेश्वरप्रति आफ्नो कर्तव्यको विषयमा बाइबल अध्ययन गर्दैछौं। यस सम्बन्धमा हामीले बुझ्नुपर्ने कुरा के हो भने हामी सधैं सिक्ने तर तुरुन्तै भुलिरहने मानिसजस्तै हुनुहुँदैन, नत्र ता यी कुरा जान्नुमा कुनै लाभ छैन। परमेश्वरको इच्छा जानेर यसलाई पालन गर्नुपर्छ। आशिष यसैमा छ। यसकारण परमेश्वरप्रति आफ्नो कर्तव्य पूरा गर्ने प्रयास गर्नुहोस् भन्ने सल्लाह प्रेमसाथ हामी तपाईंलाई दिन्छौं। यस पाठले तपाईंलाई यस्तो गर्नलाई सहायता देओस्।

## क – हाम्रो कर्तव्य: पापदेखि पश्चात्ताप गर्नु हो

**१) प्रेरित १७:३० अनुसार सबै मानिसहरूलाई परमेश्वरको आज्ञा के हो?**

......................................................................................................

**२) मर्कूस १:१५ – परमेश्वरको राज्यभित्र पस्नलाई हामीले कुन दुईटा काम गर्नुपर्छ?**

**अ)** ..................................................................................................

**आ)** .................................................................................................

**३) प्रेरित २०:२१ – सबै जातिका मानिसहरूलाई प्रेरित पावलले कुन कुन कुराको गवाही दिए?**

**अ)** ..................................................................................................

**आ)** .................................................................................................

## अ – पाप के हो, सो जान्नुपर्छ

**१ ) रोमी ३:२० – परमेश्‍वरले हामीलाई आफ्नो धर्मनियम किन दिनुभयो?** (बेठीक उत्तर काट्नुहोस्)

**अ )** यसलाई पालन गरेर धर्मी गनिनको निम्ति

**आ )** यसबाट पापको ज्ञान पाउनको निम्ति

**२ )** प्रस्थान २०:१-१७ मा दस आज्ञाहरू उल्लेख गरिएका छन्।

**क ) यीमध्ये चारओटा परमेश्‍वरको सम्बन्धमा छन् – ती केके हुन्?** (छोटकरीमा लेख्नुहोस्।)

अ ) ..............................................................................................

आ ) ..............................................................................................

इ ) ..............................................................................................

ई ) ..............................................................................................

**ख ) यीमध्ये छओटा मानिसको सम्बन्धमा छन् – ती केके हुन्?** (छोटकरीमा लेख्नुहोस्।)

अ ) ..............................................................................................

आ ) ........................................... इ ) ........................................

ई ) ........................................... उ ) ........................................

ऊ ) ..............................................................................................

**३ ) मर्कूस ७:२१ – पापको केन्द्र कहाँ छ?** .........................................................

**४ ) गलाती ५:१९-२१ अनुसार परमेश्‍वरको राज्यमा को को पस्न पाउनेछैन?**

..............................................................................................

..............................................................................................

..............................................................................................

**५ ) रोमी १:२९-३२ – यस्ता काम गर्नेहरूले के पाउन योग्य हुन्छन्?** ..........................

..............................................................................................

**६ ) रोमी ३:१०-२० क ) धर्मी मानिसहरू कति छन्?** .............................................

**ख ) दोषी कति छन्?** ....................................................................

## आ – पापको सम्बन्धमा हाम्रो होश खोल्नुपर्छ

**१ ) भजनसँग्रह ५१:१७ – परमेश्‍वरले कुन कुरालाई तुच्छ ठान्नुहुन्न?** ..........................

..............................................................................................

**२ ) यशैया ५७:१५ – परमेश्‍वर कुन कुन ठाउँमा बस्नुहुन्छ?**

अ ) ..............................................................................................

आ ) ..............................................................................................

३) भजनसँग्रह ३२:५ - क) आफ्ना पापलाई हामीले के गर्नुपर्छ? ..................................

..............................................................................................................

ख) तब परमेश्वरले के गर्नुहुन्छ? ......................................................................

## इ - पापदेखि हामीले परमेश्वरतिर फर्कनुपर्छ

१) प्रेरित ३:१९ - हाम्रा पाप मेटिनका निम्ति परमेश्वरले हामीलाई कुन आज्ञा दिनुहुन्छ?

..............................................................................................................

२) २ कोरिन्थी ७:१० - हामीले परमेश्वरको इच्छाअनुसार पश्चात्ताप गर्छौं भने यसको फल के हुन्छ?

..............................................................................................................

## ई - हामीले पश्चात्ताप लायकको फल फलाउनुपर्छ

१) प्रेरित २६:२० - हामीले साँचो गरी पश्चात्ताप गर्‍यौं भन्ने कुरा केले देखाउँछ?

..............................................................................................................

२) हितोपदेश २८:१३ - क) कसले उन्नति गर्दैन? ...........................................................

ख) कसले परमेश्वरबाट कृपादृष्टि पाउँछ? ..........................................................

..............................................................................................................

## ख - हाम्रो कर्तव्यः प्रभु येशूमाथि विश्वास गर्नु हो

१) प्रेरित १६:३१ - मुक्ति पाउनलाई हामीले के गर्नुपर्छ? .............................................

..............................................................................................................

२) मर्कूस १६:१६ - दोषी को हुनेछ? ..................................................................

३) रोमी १:१६ - मुक्ति दिने परमेश्वरको शक्ति केमा छ? ..............................................

..............................................................................................................

## अ - परमेश्वरले हामीलाई मुक्ति पाउने निम्तो दिनुहुन्छ

१) मत्ती ११:२८ - क) परमेश्वरले कसलाई निम्तो गर्नुहुन्छ? ........................................

..............................................................................................................

ख) प्रभु येशूकहाँ आउनेले के पाउँछ? ................................................................

२) यशैया १:१८ - परमप्रभु परमेश्वरले हाम्रो पाप के-केजस्तै पार्नुहुन्छ? ...........................

..............................................................................................................

## आ – मुक्ति एक अमूल्य दान हो

१ ) यूहन्ना ४:१० – क ) परमेश्वरको दानलाई जान्ने मानिसले के गर्छ? ..............................

ख ) परमेश्वरको दानलाई हामीले कसबाट माग्नुपर्छ? .............................................

२ ) एफेसी २:८ – मुक्ति हामीले कसरी पाउनुपर्छ? (बेठीक उत्तर काट्नुहोस्।)

अ ) कमाएर पाउनुपर्छ

आ ) विश्वास गरेर दानको रूपमा पाउनुपर्छ

३ ) प्रकाश २१:६ – क ) मुक्ति कसरी पाइन्छ? ............................................................

ख ) कसले मुक्ति पाउँछ? ...............................................................................

## इ – मुक्ति ग्रहण गर्नुपर्छ

१ ) यूहन्ना १:१२ – क ) परमेश्वरका सन्तान हुने हक कसलाई दिइनेछ? ...........................

ख ) प्रभु येशूलाई कसरी ग्रहण गरिन्छ? ..........................................................

२ ) रोमी १०:९-१३ – क ) हृदयले के गर्नुपर्छ? ........................................................

ख ) मुखले के गर्नुपर्छ? ...................................................

ग ) यसैले कसले मुक्ति पाउँछ त? ..........................................

..................................................................................

## ग – परमेश्वरको दान अर्थात् विश्वासको फल के हुन्छ?

जब हामी परमेश्वरको वचनअनुसार प्रभु येशूमाथि विश्वास गर्छौं, तब परमेश्वरले हामीलाई सित्तैंमा मुक्ति दिनुहुन्छ। मुक्ति दिनुको साथै उहाँले हामीलाई ज्यादै ठूला र अति बहुमूल्य आशिषहरू दिनुहुन्छ।

१ ) यस पाठमा दिइएका पदहरू हेरेर परमेश्वरका आशिषमध्ये आठओटा आशिषहरू लेख्नुहोस्।

अ ) ..........................................................................................

आ ) ..........................................................................................

इ ) ..........................................................................................

ई ) ..........................................................................................

उ ) ..........................................................................................

ऊ ) ..........................................................................................

ए ) ..........................................................................................

ऐ ) ..........................................................................................

२ ) के तपाईंले मुक्ति पाउनुभएको छ? .............................................................